जि.प्र.का.ध.द.नं. ४०४/०६४-६५
स.क.प.आबद्धता नं.: २४४८८

# जनहित असल शासन क्लब

कुरुले तेनुपा-५, धनकुटा
स्था:-२०६४

च.नं.:
प.सं. ०७२/०७३ प्रकाशन मिति : २०७२/४/५

सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५(३) बमोजिम प्रकाशित विवरण
आ.व. २०७१/७२ को २०७२ बैशाख महिनादेखि २०७२ आषाढ मसान्तसम्मको
**(त्रैमासिक विवरण)**

**१. सार्वजनिक निकायको स्वरुप र प्रकृति : गैरसरकारी, गैरनाफामुलक संस्था**

यो संस्था भौगोलिक, सामाजिक, साँस्कृतिक विविधता भएको विश्वको एक सार्वभौमसत्ता सम्पन्न तथा लोकतान्त्रिक देश नेपालका विभिन्न क्षेत्रहरुमा बसोबास गरी आएका जनताहरुको सरकारी निकायहरुबाट प्राप्त गर्नुपर्ने सेवा तथा सुविधामा पहुँच बढाउन र सरकारी निकायबाट हुने प्रशासनीक अनियमितता, ढिलासुस्ती, गैरजिम्मेवारीपुर्ण कार्यका विरुद्ध स्थानीय स्तरबाट नागरिक जनमत तयार गरी असल शासनको अनुभुति सर्वसाधारण जनतासम्म गर्न र जनचेतनाको स्तर वृद्धि गराउँदै लैजान आवश्यक देखिएको कारण नेपालमा कानुनको शासन, सरकारका काम कारवाहीमा पारदर्शीता, जवाफदेहिताको बोध, सूचनाको हक, व्यक्तिको स्वच्छ आचरणको विकास, विकेन्द्रिकृत शासन प्रणालीको अवधारणालाई हरेक क्षेत्रबाट व्यवहारमा लागु गर्न र असल शासनको स्थापनामा संलग्न रहन संस्था दर्ता ऐन २०३४ बमोजिम धनकुटा जिल्लाको कुरुले तेनुपा गाविसमा केन्द्रीय कार्यालय रहने गरी स्थापित एक गैरसरकारी संस्था नै जनहित असल शासन क्लब हो ।

**२. संस्थाको काम कर्तव्य र अधिकार :**

क. संस्थाले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

ख. संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्युटर, टेलिफोन, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधनहरु खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग. संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनीहरुको सेवा शर्त निर्धारण गर्नेछ ।

घ. असल शासन कार्यक्रमको अभियानमा स्थानीय स्तरबाट सहयोग पुऱ्याउनेछ ।

ङ. स्थानीय स्तरमा भएका तथा हुन गइरहेका विकास निर्माण कार्यमा गुणस्तरीयता कायम गराउन नागरिक अनुगमन गर्नेछ । कतै भ्रष्टाचार भएको पाइएमा तुरुन्छ सामुहिक रुपमा जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्नेछ ।

च. स्थानीय स्तरमा सार्वजनिक सरोकारका विषयमा नागरिकहरुका गुनासाहरुको सुनुवाईको लागि सार्वजनिक सुनुवाई, सार्वजनिक सम्वाद र नागरिक गुनासो चौतारी जस्ता कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

छ. स्थानीय नागरिक समाजमा असल शासनसम्बन्धी जनचेतना जगाउने कार्य गर्नेछ । सञ्चार माध्यमहरुको प्रयोग गरी चेतनामुलक रेडियो कार्यक्रम प्रशारण, पत्रपत्रिका प्रकाशन गर्न सक्नेछ।

ज. जनताले स्थानीय स्तरका सरकारी निकायहरुबाट पाउनुपर्ने सेवा तथा सुविधा नपाएको अवस्थामा सम्बन्धित निकायमा जनआवाज पुऱ्याउने छ,

झ. सरकारी निकायसंग सम्बन्धित जनसरोकारका कुराहरु स्थानीयस्तरमै समाधान हुन नसकेमा सो निकायको उपल्लो निकायमा जाहेर गर्ने वा सो बमोजिम समस्याको उपयुक्त समाधान हुने नदेखिएमा समस्या समाधानको लागि आवश्यक पहल गर्न प्रो पब्लिकको असल शासन कार्यक्रमसंग अनुरोध गर्ने छ ।

ञ. स्थानीय सरकारी निकायहरुले गरेका कामकारवाहीमा प्रशासनीक अनियमितता, भ्रष्टाचार, ढिलासुस्ती देखिएमा सो सम्बन्धमा अनुसन्धान, तहकिकात वा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा निवेदन गर्नेछ,

ट. स्थानीय स्तरमा असल शासनसम्बन्धी रचनात्मक कार्य गर्ने : जस्तै वक्तृत्वकला, विचारगोष्ठी, गोलमेच छलफल, सभा समारोह, आदि ।

*समग्रमा यस संस्थाको उद्धेश्य निम्न बमोजिम रहेको छ :*

क. यो संस्था मुनाफारहित जनहितकारी सामाजिक संस्था हुनेछ ।

ख. जनतामा असल शासनसम्बन्धी जनचेतना जगाई असल समाजको स्थापना गर्नु,

ग. स्थानीय स्तरमा सरकारी निकायले जनतालाई प्रदान गर्नुपर्ने सेवा सुविधामा जनताको पहुँच बढाउन सहयोग गर्ने,

घ. सरकारी निकायहरुबाट कार्य सम्पादनमा हुने ढिलासुस्ती, अनियमितता तथा भ्रष्टाचारको विरुद्धमा जनमत तयार गरी कारवाहीका लागि सम्बन्धित निकायमा जाहेर गर्ने,

ङ. असल शासनको स्थापना र विकासमा कार्यरत संवैधानिक निकाय, सरकारी तथा गैरसरकारी संस्थाहरु तथा नागरिक समाजलाई सहयोग गर्ने,

च. असल समाजको स्थापनाका लागि रचनात्मक कार्य गरी समाज सुधारको माध्यम बन्ने,

३. संस्थामा रहने कर्मचारी संख्या र कार्य विवरण :

- कर्मचारी संख्या : ६ जना
- कार्यकारी निर्देशक : १ जना
- कार्यक्रम संयोजक : १ जना
- जवाफदेहि अधिकृत : २ जना
- सव इञ्जिनियर : १ जना
- लेखा सहायक : १ जना

(विभिन्न परियोजनाहरु थप भएमा आवश्यकता अनुसार कर्मचारी थप हुन सक्ने व्यवस्था रहेको)

## ४. संस्थाबाट प्रदान गरिने सेवा :

- सार्वजनिक निकायहरुको सुशासन, पारदर्शीता, जवाफदेहिता प्रवर्द्धनका लागि जनचेतनामुलक कार्य
- स्थानीय निकायको जवाफदेहिता अभिवृद्धि तथा नीतिगत पालनासम्बन्धी अनुगमन गर्ने कार्यक्रम
- सूर्तिजन्य पदार्थ नियन्त्रण ऐन कार्यान्वयनको लागि जनचेतनामुलक कार्यक्रम
- सुशासन ऐन, भ्रष्टाचार निवारण ऐन कार्यान्वयनको लागि जनचेतनामुलक कार्यक्रम
- सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन गर्नका लागि जनचेतनामुलक कार्यक्रम
- विद्यार्थी छात्रवृत्ति र जेष्ठनागरीक सम्मान कार्यक्रम
- नेपालमा सूचनाको हकको प्रवर्द्धन र संरक्षण गर्नका लागि अध्ययन अनुसन्धान गर्ने,
- सूचनाको हकको प्रयोग गर्न इच्छुक व्यक्तिहरुलाई प्रकृयागत एवं कानुनी सहायता प्रदान गर्ने
- सबै सरोकारवालाहरुसमक्ष सूचनाको हकको महत्वका बारेमा जनचेतना अभिवृद्धि गर्ने
- नेपालमा सूचनाको हकको कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने

- नेपाल सरकार तथा अन्य सरोकारवाला निकायहरुलाई सूचनाको हकको प्रभावकारीताका सिलसिलामा आवश्यक पर्ने कानुनी, प्रकृयागत एवं अन्य सुधारका कार्यक्रमहरुबारे सुझाव दिने तथा आवश्यक कार्यमा सहायता गर्ने
- सूचनाको हकको प्रयोगले सुशासन र पारदर्शितालाई प्रवर्द्धन गर्ने ।

## ५. सेवा प्रदान गर्ने प्रक्रिया, शाखा, सम्बन्धित अधिकारी र शाखा प्रमुख

- साधारण सभाबाट आय व्यय विवरण पास, वार्षिक कार्यक्रमहरु पारित गरिने । लेखा परीक्षक नियुक्ती र अनुमोदन गरिने गरिएको ।
- संस्थाका नियमित कार्यक्रमहरु कार्य समितिको बैठकबाट निर्णय गराई कार्यकारी निर्देशक र कार्यक्रम संयोजकबाट कार्यान्वयन गर्ने ।
- परियोजनासंग सम्बन्धित निर्णयहरु दातृ निकायसंग सम्झौता भएबमोजिम सञ्चालन गर्न कार्य समितिको निर्णय, कार्यकारी निर्देशकसंगको परामर्शमा कार्यक्रम संयोजकले निर्णय गरी कार्यान्वयन गरिने ।

यस संस्थाको निम्न कर्मचारीहरुले कार्यालय समयभित्र कार्य सम्पादन गर्नेछन् :

संस्थामा हाल कार्यरत कर्मचारीहरुको विवरण :

१. श्री नोदनाथ त्रिताल -कार्यकारी निर्देशक
२. श्री हुकुमप्रसाद दाहाल - कार्यक्रम संयोजक एवं प्रशासनिक तथा लेखा अधिकृत
३. श्री रिजन पोखेल - जवाफदेहिता अधिकृत
४. श्री लक्ष्मी प्रसाद भट्टराई - जवाफदेहिता अधिकृत
५. श्री श्रीप्रसाद कुँवर- सब इन्जिनियर
६. श्री सुशीला त्रिताल - सहायक लेखा अधिकृत (आँशिक)

## ६. सेवा प्राप्त गर्ने दस्तुर र अवधि :

- निशुल्क ।

## ७. उजुरी निवेदनउपर निर्णय गर्ने प्रक्रिया र अधिकारी :

- संस्थाका कर्मचारीको विरुद्ध हुने उजुरीउपर कार्यक्रम संयोजक
- कार्यक्रम संयोजकविरुद्ध हुने उजुरीउपर कार्यकारी निर्देशक
- कार्यकारी निर्देशकविरुद्धको उजुरीउपर संस्थाको कार्यसमिति

## ८. निर्णयउपर उजुरी सुन्ने अधिकारी :

- संस्थाका अध्यक्ष
- कार्यकारी निर्देशक

## ९. सञ्चालित परियोजनाको विवरण :

- स्थानीय निकायको कानूनी र नीतिगत व्यवस्था पालना अनुगमन परियोजना
- असल शासन अभियान
- स्वास्थ्य अधिकार तथा सूर्तिजन्य पदार्थ नियन्त्रण अभियान
- सूचनाको हकसम्बन्धी अभियान

## १०. सूचना अधिकारी र प्रमुखको नाम, पद :

१. सूचना अधिकारीको नाम : श्री हुकुमप्रसाद दाहाल
संस्थामा पद : प्रशासकीय तथा लेखा अधिकृत (कार्यक्रम संयोजक)
२. कार्यालय प्रमुखको नाम : श्री नोदनाथ त्रिताल (प्रमुख सूचना अधिकारी)
संस्थामा पद : कार्यकारी निर्देशक

## ११. सूचना अधिकारीसमक्ष लिखित रुपमा सूचना माग गरिएको संख्या र उपलब्ध गराएको संख्या :

- हालसम्म कुनै पनि लिखित सूचनाको हकको निवेदन प्राप्त हुन नआएको ।

**१२. ऐन, नियम, विनियम र निर्देशिकाको सूची :**

- संस्थाको विधान २०६४
- भ्रष्टाचार निवारण ऐन २०५९
- सुशासन ऐन २०६४
- सूचनाको हकसम्बन्धी ऐन २०६४
- सूर्तिजन्य पदार्थ नियन्त्रण नियमन ऐन २०६८
- स्थानीय निकायसंग सम्बन्धित नियम कानुनहरु
- भ्रष्टाचार नियन्त्रणसम्बन्धी विभिन्न नियम कानुनहरु

**१३. आम्दानी खर्च तथा आर्थिक कारोवारसम्बन्धी अध्यावधिक विवरण :**

आ.व. २०७१।७२ को वार्षिक आर्थिक प्रतिवेदन निम्न बमोजिम रहेको छ :

## संस्थाको वित्तीय प्रतिवेदन, २०७२

सहयोगी संस्था : स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालय, स्थानीय विकास

समयावधि : २०७१/१०/०१ देखि २०७२/ ०३ /३१ सम्म

क) प्रथम किस्तामा निकाशा भएको रकम रु : २,९५,२५०/-

निकाशा प्राप्त गरेको मिति :२०७२/०१/०६

ख) दास्रो किस्तामा निकाशा भएको रकम रु : ५,३२,२२९/-

निकाशा प्राप्त गरेको मिति :२०७२/०३/१३

ङ) बैंक खाता नं. : २३५८, राष्टिय वाणिज्य बैंक, धनकुटा शाखा

च) खर्चको विवरण : ( ०७१ माघ देखि आषढ ३१ गते सम्मको खर्च)

| क्र.सं. | खर्च गरिएका शीर्षक विवरण | एकाई | जम्मा परिमाण | खर्च भएको रु. |
|---|---|---|---|---|
| **क)** | **कर्मचारी तलब (जम्मा)** | | | |
| १ | कार्यक्रम संयोजक | १ जना | ६महिना | १,८०,०००/- |
| २ | उत्तरदायीत्व अनुगमन अधिकृत-२ | २ जना | ६ महिना | ३,००,०००/- |
| ३ | सब-इन्जिनीयर | १ जना | ६ महिना | १,२०,०००/- |
| ४ | लेखा अधिकृत (आंशिक) | १ जना | ६ महिना | ३०,०००/- |
| ५ | यातायात/सञ्चार खर्च | | ६ महिना | ६१,१९०/- |
| | जम्मा | | | ६,९१,१९०/- |
| **ख)** | **कार्यक्रम खर्च** | | | |
| १ | जिल्ला, नगरपालिका अनुशीक्षण | ३ निकाय | ३ पटक | २६,०८७/७५ |
| २ | गाविस अनुशीक्षण | ७ निकाय | ७ पटक | २०,९००/- |

| | | | | |
|---|---|---|---|---|
| ३ | रेडियो कार्यक्रम सन्चालन (पटक २४/रु.५००० प्रति कार्यक्रम ) ०७१ फागुन २९ बाट साप्ताहिक र ०७२ जेठ १७ बाट हप्तामा २ पटक | २४ पटक | २४ पटक | १,२०,००० /- |
| ४ | एकपटक बुलेटिन प्रकाशन २०७१ चैत्र र २०७२ आषाढ | २पटक | २००० प्रति | ३५,९०५।७५ |
| ५ | जिल्लास्तरमा पालना अनुगमनबारे छलफल तथा कार्य सम्पादनको नतिजा आदान प्रदान | १ पटक | जिविस धनकुटा | १६,१००/- |
| ६ | नगरपालिकाहरुमा पालना अनुगमनमा पाइएका तथ्यहरु बारे प्रस्तुत, छलफल समीक्षा तथा सिकाई आदान प्रदान कार्यक्रम (२ वटा नगरपालिका) | ११वटा | ध.न.पा र पाखिवास न.पा | ४६,८९०/- |
| ७ | गाविसहरुमा पालना अनुगमन मा पाइएका तथ्यहरु बारे प्रस्तुत, छलफल, समीक्षा तथा सिकाई आदान प्रदान कार्यक्रम (७ वटा गाविस) | २१ वटा | ७ वटा गाविस | ६६,१२५/- |
| | जम्मा खर्च | | | ३,३२,००८।५० |
| ग. | **क्षमता विकास कार्यक्रम (१-६)** | | | |
| १. | नगरपालिकामा सामाजिक परिचालक,बडानागरिक मन्च, नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई सार्वजनिक परीक्षण वा जवाफदेहिताका औजार बारे अनुशीक्षण | ४ पटक | ध.न.पा र पाखिवास न.पा | ३०,९३०/- |
| २. | गाविसमा सामाजिक परिचालक,बडानागरिक मन्च, नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई सार्वजनिक परीक्षण वा जवाफदेहिताका औजार बारे अनुशीक्षण | ७ पटक | ७ वटै गाविसहरु | ३५,६२०/- |
| ३ | नागरिक अधिकारयुक्त सेवा र नागरिक निगरानी बारे अनुशीक्षण गाविसमा | ७ पटक | ७ वटै गाविसहरु | ४१,२००/- |
| ४ | नागरिक अधिकारयुक्त सेवा र नागरिक निगरानी बारे अनुशीक्षण नगरपालिकामा | ४ पटक | ध.न.पा र पाखिवास न.पा | ३२,८९०/- |
| ५ | पूर्वाधार योजनाहरुको योजनाको पालना अनुगमनमा पाइएका कुराहरु बारे छलफल र कार्ययोजना निर्माण ( गाविस, नपा) | ९ पटक | २ न.पा र ७ गाविस | २३,७१५/- |
| ६ | जिल्लातहमा अन्तिम नतिजा सार्वजनिकरण कार्यक्रम | १ पटक | जिविस धनकुटा | २१,६४५/- |
| | जम्मा खर्च | | | १,८६,००० /- |
| ७ | अन्य खर्च  प्रसाशनिक खर्च | | | ९७,८०६।५० |

| | | | | |
|---|---|---|---|---|
| | **भ्याट, कर दाखिला (पहिलो किस्ता र दास्रो किस्ता)**<br>**पहिलो :३३९६६।८१, दोश्रो :६१२९९।८८, तेश्रो :७४६४३।९८** | | | १,६९,९१०।६७ |
| | **कूल खर्च (क,ख,ग) अन्य प्रशासनिक खर्च ,भ्याट** | | | १४,७६,९१५।६७ |

## १४. तोकिएबमोजिमको अन्य विवरण :

*संस्थाका सम्पर्क ठेगाना र गतिविधिहरु संस्थाको वेवसाइटमा निम्न लिँकमा क्लिक गरेर हेर्न सकिन्छ :*

http://janahitggc.org.np/?page_id=60;
www.janahitggc.org.np;

| **ख. सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम (३) बमोजिम** | | | कैफियत |
|---|---|---|---|
| १. | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण | ➢ आ.व. २०७०।०७१ मा संस्थाले सूचनाको हकका लागि नागरीक अभियानसंगको सहकार्यमा सूचनाको हकसम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरेको थियो ।<br>➢ त्यस्तै प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र, काठमाडौसंगको सहकार्यमा संस्थाले स्वास्थ्य अधिकार सूर्ती नियन्त्रण जिल्ला सञ्जाल धनकुटाको तर्फबाट धुम्रपान तथा सूर्तीजन्य पदार्थ नियन्त्रण नियमनका लागि बनेको ऐन २०६८ कार्यान्वयनको लागि जिल्ला स्वास्थ्य कार्यालयसंगको सहकार्यमा विश्व धुम्रपान दिवस तथा अन्य जनचेतनामुकल कार्यक्रमहरु सञ्चालन गरेको थियो ।<br>➢ संस्थाको जनहित अक्षय कोष अन्तरगत वार्षिकोत्सवको अवसरमा कुरुले तेनुपा गाविसमा जेष्ठ नागरीक सम्मान र विद्यार्थी छात्रवृत्ति कार्यक्रम समेत सम्पन्न गरेको । | |
| २. | सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण | ➢ www.janahitggc.org.np; | |
| ३. | सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण | ➢ संस्थाले २०७१ माघ महिनादेखि असार मसान्तसम्म स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालयसंग सम्झौता गरी स्थानीय निकायको जवाफदेहिता अभिवृद्धिसम्बन्धी परियोजना सञ्चालनका लागि सहयोग रकम ने.रु. १४, ७६,९१५।- ( चौध लाख छयहत्तर हजार नौ सय पन्ध्र रुपैंया मात्र) प्राप्त हुने गरी यसै चौमासिकमा सम्झौता सम्पन्न भएको छ । | |
| ४. | सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन | १. मिति २०७१/१०/०१ देखि स्थानीय शासन उत्तरदायी सन्यन्त्रको सचिवालयको सहयोगमा "स्थानीय निकायको जवाफदेहिता प्रवर्द्धन तथा नीतिगत व्यवस्था पालना अनुगमन परियोजना धनकुटा जिल्लाका स्थानीय निकायहरु जिल्ला विकास समिति, २ वटा नगरपालिका धनकुटा र पाखिबास तथा ७ वटा गाविसहरु छनं. बुधवारे, डाँडाबजार, खुवाफोक, फाक्सिब, भेडेटार, मुर्तिढुँगा र जितपुर मा लागू गरिएको ।<br>२. मिति २०७१ माघ महिनामा संस्थाको कार्य समितिको बैठक बसी स्थानीय निकायको जवाफदेहिता अभिवृद्धि परियोजना सञ्चालन गर्ने निर्णय । | सूचनाको हकसम्बन्धी नियमावली (दास्रो संशोधन) २०७० |

| | ख. सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम (३) बमोजिम | | कैफियत |
|---|---|---|---|
| | | ३. २०७१ फागुन २७ गते जिल्ला विकास समितिसंग परियोजनाबारे अभिमुखीकरण कार्यक्रम सम्पन्न ।<br>४. २०७१ फागुन २५ मा सम्झौता गरी फागुन २८ गतेदेखि सुशासन दर्पण नामक रेडियो कार्यक्रम रेडियो मकालु ९२.२ मेगाहर्ज, रेडियो लालीगुराँस १०५.२ मेगाहर्ज र रेडियो धनकुटा १०६.२ मेगाहर्जबाट साप्ताहिक रुपमा रेडियो कार्यक्रम हरेक विहिवार साँझ ६:३० बजेदेखि ६:५० बजेसम्म (२० मिनेट) प्रशारण प्रारम्भ ।<br>संस्थाको विस्तृत वार्षिक प्रतिवेदन निम्न लिँकमा हेर्न सकिन्छ :<br>http://janahitggc.org.np/?page_id=1232<br>संस्थाद्धारा उत्पादित रेडियो कार्यक्रम सुन्न निम्न लिँकमा लग अन गर्न सकिन्छ :<br>http://janahitggc.org.np/?page_id=1278 | |
| ५. | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि | ➢ हालसम्म सूचना दिन नमिल्ने भनी सूचना वर्गीकरण तथा संरक्षण नगरिएको । | सूचनाको हकसम्बन्धी नियमावली (दास्रो संशोधन) २०७० |
| ६. | सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय | ➢ हालसम्म सूचनाको हक प्रयोग गरी सूचना माग भई निवेदनहरु नपरेको । | सूचनाको हकसम्बन्धी नियमावली (दास्रो संशोधन) २०७० |
| ७. | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण | ➢ संस्थाको बेभसाइट www.janahitggc.org.np मा नियमित रुपमा प्रकाशन हुने गरेको ।<br>➢ संस्थाको त्रैमासिक बुलेटिन सुशासन दर्पण मार्फत पनि प्रकाशन हुने गरेको ।<br>➢ प्रकाशनहरु हेर्न वेवसाइटको निम्न लिँकमा जान सकिन्छ : http://janahitggc.org.np/?page_id=43 | सूचनाको हकसम्बन्धी नियमावली (दास्रो संशोधन) २०७० |

**तयार गर्ने :**

**हुकुमप्रसाद दाहाल**
**सूचना अधिकारी**
**सम्पर्क : ०२६–५२०७४०**

**प्रमाणित गर्ने :**

**नोदनाथ त्रिताल**
**कार्यकारी निर्देशक**
**सम्पर्क : ०२६–५२०७४०**

## १५. संस्थागत संरचनाको ढाँचा :

